# निर्वाचन आयोग, नेपाल
# लैङ्गिक तथा समावेशी नीति, २०७७

## १. पृष्ठभूमि :

निर्वाचन प्रतिनिधिमूलक राजनीतिक व्यवस्थाको आधारशिला भएकोले सार्वभौमसत्ता सम्पन्न जनताले बालिग मताधिकारको माध्यमबाट आफूद्वारा निर्वाचित प्रतिनिधि मार्फत आफ्नो शासकीय प्रबन्ध गर्छन् । विधिको शासन स्थापना गर्ने तथा शासन व्यवस्थालाई संस्थागत गर्ने कार्य लोकतान्त्रिक निर्वाचनको माध्यमबाटै सम्भव हुन्छ । त्यसैले नेपालमा निर्वाचनको समग्र पक्षलाई व्यवस्थापन, सञ्चालन, रेखदेख निर्देशन र नियन्त्रण गर्न संवैधानिक निकायका रुपमा निर्वाचन आयोगको व्यवस्था गरिएको छ । निर्वाचन आयोगको दीर्घकालीन सोच "स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन" रहेको छ । यसको निम्ति निर्वाचनका सबै विधि, प्रकिया र चरणमा लैङ्गिक एवम् समावेशी सवालहरूलाई सम्बोधन गर्दै जानु आवश्यक हुन्छ ।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको कार्यान्वयन एवम् संवैधानिक हकहरूको प्रचलनको लागि लैङ्गिक समानता तथा समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुश्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, पिछडिएको वर्ग र क्षेत्रका सबैलाई शासकीय प्रणाली अनुरुप राज्य संरचनाका सबै अङ्गहरुमा सहभागी गराउन अनिवार्य हुन्छ । यसको निम्ति निर्वाचन सबैभन्दा महत्वपूर्ण माध्यम हो ।

निर्वाचनका सबै चरण र प्रक्रियामा हुने लैङ्गिक समानता र सामाजिक समावेशीकरण सहित स्वच्छ, निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र मितव्ययी निर्वाचनले शासन व्यवस्था जनमुखी, उत्तरदायी, सदाचारयुक्त र सर्वस्वीकार्य बनाउन सदैव योगदान/सहयोग पुर्‍याउँछ । आयोगले सबै नागरिकहरूलाई मताधिकारको निर्वाध उपभोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याँउने लक्ष्य लिएको छ । यसको निम्ति निर्वाचनमा नागरिकहरूको सहभागिता तथा सरोकारवालाहरूको समन्वय र सहकार्य अभिवृद्धि गर्न विशेष ध्यान दिई निर्वाचन प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशितालाई नीतिगत एवम् कार्यगत रुपमा समावेश गरिनु पर्दछ । यसै सन्दर्भमा निर्वाचनमा लैङ्गिक तथा समावेशी विषयमा भएका संवैधानिक व्यवस्था, निर्वाचन सम्बन्धी विद्यमान कानूनी व्यवस्था, मुलुकी देवानी संहिता ऐन, विभिन्न आवधिक योजनाहरुमा समावेश भएका लैङ्गिक समानता, महिला सशक्तिकरण र समावेशीकरण सम्बन्धी नीतिहरु, पन्ध्रौ योजना (२०७६/७७ -२०८०/८१), अन्तर्राष्ट्रिय कानूनबाट सृजना भएको दायित्व, दिगो विकासको लक्ष्य (सन् २०१६-२०३०), सम्वत २०७४ सालमा सम्पन्न सबै तहका निर्वाचनबाट प्राप्त सिकाइ तथा उपलब्धि आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ -२०८०/८१) र आयोगको

विद्यमान लैङ्गिक तथा समावेशीकरण नीति, २०७० को समेत समीक्षा गरी यो निर्वाचन सम्बन्धी लैङ्गिक तथा  समावेशी नीति, २०७७ तर्जुमा गरिएको छ ।

**२. विगतका प्रयासहरू :**

२.१ सम्वत् २००४ देखि २०१५ सम्मः

नेपालमा निर्वाचन प्रणाली प्रक्रियाको सुरूवात सम्वत् २००४ सालको स्थानीय निर्वाचनबाट भएतापनि सम्वत् २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि सम्वत् २०१० भाद्र १७ मा सम्पन्न भएको काठमाडौं नगरपालिकाको निर्वाचनबाट मात्र नेपाली महिलाले मतदान गर्ने र उम्मेदवार हुने अधिकार प्राप्त गरेका थिए । निर्वाचन प्रणालीको बारेमा स्पष्ट नतोकिएतापनि पहिलो हुने निर्वाचित हुने प्रणालीबाटै निर्वाचन हुन्थ्यो। मुलतः मतदान गोप्य हुनै पर्ने प्रावधान पनि थिएन। कतिपय स्थानन र क्षेत्रमा गोप्य मतदानको व्यवस्था थियो भने कुनै स्थानमा उम्मेद्वारको नाममा हात उठाएर मतदान गर्ने र त्यसैलाई मत गणना गरेर परिणाम घोषणा समेत गर्ने गरिन्थ्यो। यसर्थ समावेशिताको अवधारणाको विजारोपण सम्म भएतापनि कनुनी व्यवस्था र संस्थागत व्यवस्था भने हुन सकेको थिएन। यस निर्वाचनमा महिला प्रतिनिधि समेत निर्वाचित भएका थिए । सम्वत् २०१५ सालमा भएको संसदीय आमनिर्वाचनबाट गठित पहिलो जननिर्वाचित सरकारमा १ जना महिलाको प्रतिनिधित्व रहेको थियो ।

२.२ सम्वत २०१७ देखि २०४६ सम्मः

बहुदलिय लोकतान्त्रिक प्रणालीको अन्त्य भई पंचायती व्यवस्थाको थालनी पश्चात समावेशीताको क्षेत्रमा प्रणालीगत रुपमै बिधिगत व्यवस्था भएको पाइदैन। मुलतः यो समयमा पहिलो हुने निर्वाचित हुने प्रणालीनै बढी प्रयोगमा आएको छ भने गाँउ तथा नगर पंचायतमा भने दुईचरण प्रणाली पनि प्रयोग भएको पाइन्छ।

मतदान गर्दा पोलिङ अफिसरले सकभर जनाना र मर्दाना मतदाताहरूको छुट्टाछुट्टै लाम लगाई मत दिने ठाउँभित्र बस्न पनि सकभर भिन्न-भिन्न खण्ड बनाउनुपर्ने व्यवस्था थियो । गाउँ पञ्चायत ऐन, २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० जारी भई निर्वाचन प्रक्रियामा व्यापक सुधार गरी मतदाताको गोप्य मतदान गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गर्दै निर्वाचन प्रक्रियासँग जोडिएका अन्य आवश्यक व्यवस्थाहरू पनि अवलम्बन गरिएको थियो ।

प्रत्यक्ष मतदानबाट निर्वाचित हुने व्यवस्था समावेशी नभएतापनि समावेशीतालाई सम्बोधन भने केहि हद सम्म गरेको पाइन्छ। अञ्चल पञ्चायत ऐन, २०१९ जारी भएपछि प्रत्येक अञ्चलमा अञ्चल सभा गठन गर्ने र अञ्चल सभामा अञ्चलभित्रका जिल्ला पञ्चायतका सदस्यहरू स्वतः सदस्य बन्ने व्यवस्था थियो । साथै अञ्चल सभामा अञ्चल स्तरीय महिला संगठनबाट तीन जना, किसान संगठनबाट चार जना, युवक संगठनबाट चार जना, मजदुर संगठनबाट दुई जना र भूतपूर्व सैनिक संगठनबाट दुई जना छानिएर गएका व्यक्तिहरू पनि सदस्य हुने र कम्तीमा शास्त्री वा व्याचलर्स डिग्री

प्राप्त गरेका व्यक्तिहरू मध्येबाट चार जनालाई पनि अञ्चल पञ्चायतले मनोनीत गर्ने व्यवस्था थियो ।

राष्ट्रिय पंचायतमा गाउँ फर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्दा महिला सदस्य निर्वाचन भए नभएको हेरी एक जना महिला सदस्य मनोनीत गर्नुपर्ने व्यवस्था गरेको थियो । त्यसैगरी नेपाल किसान संगठनबाट ४ जना, नेपाल युवक संगठनबाट ४ जना, नेपाल महिला संगठनबाट ३ जना, नेपाल मजदुर संगठनबाट २ जना, नेपाल भूतपूर्व सैनिक संगठनबाट २ जना जम्मा १५ जना मनोनीत हुने व्यवस्थाले समावेशीतालाई संबोधन गर्न खोजेको देखिन्छ।

२.२ सम्वत् २०४७ देखि २०६२ सम्म :

सम्वत् २०४६ सालमा भएको जनआन्दोलनको परिणाम स्वरूप प्राप्त जनादेश अनुरूप निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तिमा पाँच प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था रहेको थियो । त्यसैगरी राष्ट्रिय सभा सदस्य निर्वाचनमा कम्तिमा तीन जना महिला निर्वाचित गर्नु पर्ने व्यवस्था रहेको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावनामा आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिबासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने कुरा उल्लेख गरी लैङ्गिक तथा समावेशी प्रतिनिधित्वलाई बढावा दिने प्रयास गरियो । यसबाट गाउँ विकास समिति र नगरपालिकाको वडा समितिहरुमा कम्तिमा एक जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो ।

स्थानीय निकायको परिषद्मा महिला तथा समावेशी समूहको प्रतिनिधित्व गराउने सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा विशेष व्यवस्था गरियो । यस अनुसार गाउँ परिषद्मा गाउँ विकास क्षेत्रभित्रका एकजना महिला सहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिबासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट गाउँ परिषद्द्वारा मनोनित छजना व्यक्तिहरु सदस्य रहने व्यवस्था भयो । त्यसैगरी नगर परिषद्मा नगरपालिका क्षेत्रभित्रका महिला सहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछिडिएका जाति, जनजाति, दलित तथा आदिबासी मध्ये नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट नगर परिषद्द्वारा मनोनित कम्तिमा छजना र बढीमा बीसजना व्यक्तिहरु रहने साथै यसरी मनोनित हुने व्यक्तिहरु मध्ये कम्तिमा चालीस प्रतिशत व्यक्तिहरु महिला हुनुपर्ने व्यवस्था गरियो । जिल्ला परिषद्मा जिल्लाभित्रका एकजना महिला सहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिबासी मध्ये जिल्ला परिषद्मा प्रतिनिधित्व हुन नसकेका जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट जिल्ला परिषद्द्वारा मनोनित छजना व्यक्तिहरु सदस्य रहने व्यवस्था गरी लैङ्गिक तथा समानुपातिक समावेशी सिद्धान्तलाई

व्यवहारिक रुप दिने प्रयास गरियो । यस बमोजिम सम्वत् २०५४ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनबाट करिब २७ प्रतिशत महिलाहरुको प्रतिनिधित्व भएको देखिन्छ ।

अन्तर्राष्ट्रिय तहमा संयुक्त राष्ट्र संघबाट महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, १९७९ पारित भई नेपालले सन १९९१ मा यसलाई अनुमोदन गरे पश्चात बेइजिङ घोषणापत्रले सबै सदस्य राष्ट्रहरुलाई राष्ट्रियस्तरमा संस्थागत संरचना खडा गर्न प्रतिवद्ध गराए अनुरुप सम्वत् २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना हुनुका साथै विषयगत मन्त्रालयहरुमा लैङ्गिक सम्पर्क शाखा तथा व्यक्ति तोक्ने परिपाटीको शुरुवात गरिएको थियो । महिलाको हक हितसँग सरोकार राख्ने मुख्य विषयहरु समान अवसर, समान अधिकार, समानुपातिक प्रतिनिधित्व र शासकीय प्रणालीमा पहुँच सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय महिला आयोग गठन भई क्रियाशिल हुँदै आएकोमा नेपालको संविधानले यसलाई संवैधानिक आयोगको रुपमा स्थापित गरी अझ सशक्त हुने अवसर प्रदान गरेको छ । महिला, दलित, आदिवासी जनजाती, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई विकासको समग्र प्रक्रियामा मूल प्रवाहीकरण गरी स्रोत, साधन, सेवा, संरचना र निर्णय प्रक्रियामा पहुँच तथा प्रतिनिधित्व सुनिश्चित गर्न उपेक्षित, उत्पिडित तथा दलित उत्थान विकास समिति, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान गठन गरी क्रियाशील तुल्याइयो । दशौं पञ्चवर्षीय योजनाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणलाई अन्तर सम्बन्धित विषयका रुपमा स्वीकार गरेपछि यसमा व्यापकता आएको पाइन्छ ।

२.३ सम्वत् २०६३ देखि हालसम्मः

नेपालको अन्तरिम संविधान, २०६३ मा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, तथा लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प व्यक्त गरिएको र समानुपातिक समावेशीताको सिद्धान्तलाई अङ्गिकार गर्दै राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वका लागि आरक्षणको समेत व्यवस्था गरिएको थियो । यसै बमोजिम निर्वाचन प्रणालीमा सुधार गरी जनप्रतिनिधिमूलक संस्थाहरूमा जनसांख्यिक बनोट अनुसारको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्ने व्यवस्था समेत गरियो । संस्थागतरुपमा पिछडिएको समुदाय उत्थान विकास समिति, राष्ट्रिय मुस्लिम आयोग र वादी समुदाय उत्थान विकास समिति गठन गरिनुका साथै यसअघि गठन भई क्रियाशील रहेका लैङ्गिक तथा समावेशी संस्थाहरुलाई निरन्तरता दिइयो । समानुपातिक समावेशी सिद्धान्त अनुसार सम्वत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक दलले समानुपातिक सूची निर्वाचन आयोगमा पेश गर्दा ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था गरियो । यस अनुसार सम्वत् २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनमा ३३ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भएका थिए ।

निर्वाचन आयोगले संविधान सभा सदस्य निर्वाचन, २०६४ को सञ्चालन तथा व्यवस्थापनमा जनशक्ति परिचालन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सिद्धान्तलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको थियो । सो निर्वाचनमा निर्वाचन तथा मतदाता शिक्षाका सामग्रीहरू लैङ्गिक तथा समावेशी मैत्री ढङ्गले तर्जुमा गरी प्रकाशन तथा प्रसारण गरिएको थियो । अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा समेत सम्वत् २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनको व्यवस्थालाई निरन्तरता दिइएको थियो । यसै अनुरुप निर्वाचन आयोगले पहिलो पटक लैङ्गिक तथा समावेशी समूहको निर्वाचन र राजनीतिमा सहभागिता अभिवृद्धि गरी क्षमता विकास गर्नका लागि लैङ्गिक तथा समावेशी नीति, २०७० तर्जुमा गरी कार्यान्वयन गरेको थियो । सम्वत् २०७० सालमा भएको अर्को संविधान सभा सदस्य निर्वाचनबाट गठित संविधान सभाले सम्वत् २०७२ सालमा नेपालको संविधान जारी गरे पश्चात संविधानको कार्यान्वयनका लागि सम्वत् २०७४ सालमा संघीय संरचना अनुरूप संघीय संसद, प्रदेश सभा र स्थानीय तहका निर्वाचनहरू सम्पन्न भएका थिए । सम्वत् २०७४ को आम निर्वाचन र उपनिर्वाचन, २०७६ को निर्वाचनका सबै प्रक्रियाहरूमा महिला तथा समावेशी समूहको सहभागितालाई प्राथमिकता दिई निर्वाचन सञ्चालन तथा व्यवस्थापन गरिएको थियो ।

यसैगरी राष्ट्र विकासमा महत्तम लाभ उठाउन समावेशीकरणलाई प्रमुख विषयका रुपमा अङ्गिकार गर्नु आवश्यक हुन्छ । समावेशीकरणका दृष्टिकोणबाट राजनीतिक र प्रशासनिक संरचनामा उचित प्रतिनिधि नहुनु मुख्य समस्याको रुपमा पन्ध्रौं योजनाको दस्तावेजले औंल्याएको छ । जसको सम्बोधनका लागि राज्यका तीन तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने रणनीति पन्ध्रौं योजनाले लिएको छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा विद्यमान आवधिक योजनाले राज्यका तीन तहमा महिलाको राजनीतिक सहभागिता उत्साहजनक रहनु र राष्ट्रिय महिला आयोगको संवैधानिक अधिकार सहित क्षेत्राधिकारमा बृद्धि हुनुलाई अवसरको रुपमा लिएको छ । साथै राज्यका सबै तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा क्रमशः महिलाको सहभागिता ५० प्रतिशत पुर्‍याउँने कार्यनीति तय गर्दै संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिकमैत्री कानून तर्जुमा भई कार्यान्वयन हुने अपेक्षित उपलब्धिको रुपमा पन्ध्रौं योजनामा प्रस्तुत गरिएको छ ।

## ३. वर्तमान स्थिति :

नेपालको संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, वालिग मताधिकार, आवधिक निर्वाचन लगायतका विषय उल्लेख गरिएको छ । नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूत गर्दै सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा कुनै नागरिक प्रति भेदभाव नगरिने तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक,

सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि संघीय कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा स्पष्ट गरेको छ । त्यसैगरी महिला, दलित, अल्पसंख्यक, अपा▪ता भएका व्यक्ति लगायत लक्षित वर्ग, क्षेत्र, जातजाति र समुदायका नागरिकहरुलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ ।

नेपालको संविधानको निर्देशक सिद्धान्तले कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोकल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्नु राज्यको राजनीतिक उद्देश्य हुने कुरा स्पष्ट गरेको छ । राज्यको लैङ्गिक समानता र सामाजिक समावेशिकरणको राजनीतिक उद्देश्य पूरा गर्नका लागि नेपालको संविधानले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोको व्यवस्था गरेको छ । यी आयोगहरुले संविधान र संघीय कानून बमोजिमको काम गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको छ ।

नेपालको संविधानमा उल्लेख भएको विशेष व्यवस्था बमोजिम आवश्यक कानून निर्माण भई कार्यान्वयनमा आइसकेका छन् । लैङ्गिक तथा समावेशी दृष्टिले स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा, राष्ट्रियसभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी विद्यमान संवैधानिक प्रावधान एवं कानूनी व्यवस्थाहरु देहाय अनुसार रहेका छन् :

३.१ राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंङ्ग वा समुदायको प्रतिनिधित्व हुनेगरी गर्नुपर्ने,

३.२ प्रतिनिधिसभाका लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ११० सदस्यमा राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचिका आधारमा संघीय कानून बमोजिम प्रतिनिधित्व गराउने र यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने,

३.३ संघीय संसद तथा प्रदेशसभामा समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने पदमा राजनीतिक दलले उम्मेदवारी दिंदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने,

३.४ संघीय संसद तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनुपर्ने,

३.५ राष्ट्रियसभा सदस्यका लागि प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना

र नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनीत तीन जना मध्ये कम्तिमा एक जना महिला हुनुपर्ने,

३.६ प्रतिनिधिसभा तथा प्रदेशसभाको सभामुख र उपसभामुख मध्ये कम्तिमा एक जना महिला र सभामुख र उप-सभामुखमा फरक फरक दलबाट प्रतिनिधित्व निर्वाचित गर्नुपर्ने,

३.७ राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष मध्ये कम्तिमा एक जना महिला हुनेगरी निर्वाचित गर्नुपर्ने,

३.८ प्रदेशसभाको लागि सात वटा प्रदेशका दुईसय बिस सदस्य पदमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचिका आधारमा संघीय कानून बमोजिम प्रतिनिधित्व गराउने र यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने,

३.९ प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्द सूचि तयार गर्दा कूल उम्मेदवारको कम्तिमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिलाई समेत समावेश गर्नुपर्ने साथै प्रत्येक समावेशी आधारमा समावेश गरिएका उम्मेदवार छुट्टिने गरी तोकिएको ढाँचामा पेश गर्नुपर्ने,

३.१० प्रतिनिधिसभा तथा प्रदेशसभामा दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट संघीय संसद तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने कूल सदस्य संख्याको कम्तिमा एक तिहाई महिलाको प्रतिनिधित्व हुनेगरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको संख्या यकिन गरी सम्बन्धित दललाई जानकारी गराउनु पर्ने,

३.११ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला, दलित तथा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा धरौटी रकममा पचास प्रतिशत छुट हुने,

३.१२ समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्धारण गरिएको कूल सदस्य संख्याको दश प्रतिशत भन्दा कम सिट प्राप्त गर्ने दलले कम्तिमा एक तिहाई महिला निर्वाचित हुनेगरी यथासंभव अन्य समावेशी आधार समेत मिलाई निर्वाचित हुने उम्मेदवारको सूची पठाउनु पर्ने,

३.१३ गाउँसभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित तथा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने,

३.१४ नगरसभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने,

३.१५ जिल्ला सभाले एक जना प्रमुख, एकजना उपप्रमुख, कम्तिमा तीन जना महिला र कम्तिमा एकजना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,

३.१६ गाउँसभामा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य तथा दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहने,

३.१७ नगरसभामा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य तथा दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने,

३.१८ गाउँसभा र नगरसभामा प्रत्येक वडाबाट कम्तिमा दुई जना महिलाको प्रतिनिधित्व हुने,

३.१९ गाउँपालिका वा नगरपालिकाको वडा समितिमा एक जना दलित महिला सहित दुई जना महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा सबै भन्दा बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने,

३.२० आयोगले निर्वाचन सम्बन्धी नीति निर्धारण, कार्यक्रम सञ्चालन, कर्मचारी व्यवस्थापन, अनुगमन वा पर्यवेक्षण गर्दा गराउँदा लैङ्गिक मैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने,

३.२१ राजनीतिक दलहरुले विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्वित हुनेगरी दलको संगठन संरचना तथा समितिहरुमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने र दलका सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नुपर्ने,

३.२२ सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर्‍याउनु राजनीतिक दलको काम, कर्तव्य र अधिकार हुने,

३.२३ राजनीतिक दलहरुले स्थानीय तहको निर्वाचनमा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख मध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्ने,

दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) ले समान कामको लागि ज्यालामा हुने असमानताको अन्त्य गर्ने, सबै हानिकारक प्रथाहरूको अन्त्य गर्ने, सन् २०३० सम्ममा संघीय संसद्मा महिलाहरूको प्रतिनिधित्व बढाएर ४० प्रतिशत, प्रदेश सभामा ४० प्रतिशत र स्थानीय तहमा ४२ प्रतिशत पुऱ्याउने, सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा महिला कर्मचारीको हिस्सा बढाउने जस्ता परिमाणात्मक लक्ष्यहरु निर्धारण गरेको छ ।

मौजुदा संवैधानिक एवं कानूनी व्यवस्था अनुसार निर्वाचन आयोगले सम्वत् २०७४ सालमा स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा, राष्ट्रियसभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ भने सम्वत् २०७६ सालमा तीनै तहका रिक्त पदहरूमा उपनिर्वाचन र राष्ट्रिय सभामा २ वर्षे पदावधि समाप्त भई रिक्त रहेको एक तिहाई (१८जना) सदस्यको निर्वाचन समेत सम्पन्न गरेको छ । विद्यमान अवस्थामा महिलाको प्रतिनिधित्व स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश सभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत र राष्ट्रिय सभामा ३७.३० प्रतिशत गरी संघीय संसदमा ३३.५३ प्रतिशत रहेको छ । यसरी सम्पन्न तीनै तहको निर्वाचनमा संविधानमा व्यवस्था भए अनुरूप महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायको प्रतिनिधित्व हुने गरी निर्वाचित जनप्रतिनिधिहरूको संघीय संसद, प्रदेश सभा र स्थानीय तहको व्यवस्थापिका बनेको छ ।

आयोगको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० तथा लैङ्गिक तथा समावेशी रणनीतिको कार्यान्वयन गर्ने सिलसिलामा केन्द्रदेखि जिल्लास्तरसम्म संरचनागत व्यवस्था गरिएको छ । जसअनुसार लैङ्गिक तथा समावेशी सम्बन्धी नीतिगत कार्यका लागि आयोगमा निर्वाचन आयुक्तको संयोजकत्वमा लैङ्गिक तथा समावेशी समन्वय समिति रहेको छ । त्यसैगरी आयोगका सहसचिवको संयोजकत्वमा लैङ्गिक तथा समावेशी एकाइको व्यवस्था गरिएको छ । आयोगमा लैङ्गिक तथा समावेशी बिषय हेर्नका लागि लैङ्गिक सम्पर्क बिन्दुको व्यवस्था गरिएको छ । सबै जिल्ला निर्वाचन कार्यालयहरुमा लैङ्गिक विषयको लागि कार्यविवरण (TOR) सहित लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरिएको छ । नीति तथा रणनीतिको कार्यान्वयनको लागि

आवधिक कार्ययोजना निर्माण गरी निर्वाचनका प्रक्रियाहरुमा लैङ्गिक तथा समावेशी समूहको सहभागिता अभिबृद्धि गर्न निर्वाचनका सरोकारवालाको क्षमता अभिबृद्धि, निर्वाचन तथा मतदाता शिक्षा सञ्चालन, निर्वाचन सामाग्री उत्पादन, प्रसारण र प्रयोग निरन्तर रूपमा गरिएको छ । जसले गर्दा सम्वत् २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचन र उपनिर्वाचन, २०७६ को निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशी नीति, २०७० ले निर्दिष्ट गरेका विभिन्न विषयहरुको सम्वोधन गरी निर्वाचन व्यवस्थापन प्रक्रियालाई लैङ्गिक समतामूलक तथा समावेशी बनाउन सहज भएको थियो ।

## ४. समस्या, चुनौती र अवसर :

### 4=1 समस्या

निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउने सम्बन्धमा देखिएका समस्याहरु देहाय बमोजिम रहेका छन् :

4=1=1 परम्परागत सामाजिक संरचना, लैङ्गिक विभेद, जातीय विभेद, वर्गीय अन्तर, सामाजिक दृष्टिकोण, मूल्य मान्यता, सोच र धारणा आदिका कारण निर्वाचनमा महिला तथा लक्षित वर्गको सहभागिता उल्लेख्य नहुनु,

4=1.2 महिला तथा लक्षित वर्ग र समुदायको निर्वाचनका सबै प्रक्रिया र चरणमा सहभागिता र नेतृत्व स्थापित गर्न नसक्नु,

४.१.३ सामाजिक संरचना, जनसांख्यिक वितरण र जातीय विभेदका कारण स्थानीय तहको निर्वाचनमा दलित महिला वडा सदस्य पदमा उम्मेदवार मनोनयन दर्ता नभई रिक्त रहने गरेको

4=1=4 निर्वाचन व्यवस्थापन प्रक्रियामा लैंङ्गिकता तथा समावेशीकरणका लागि संस्थागत एवम् कार्यगत प्रयासहरू अपर्याप्त हुनु,

4=1=5 महिला एवम् लक्षित वर्ग र समुदाय समक्ष लैङ्गिक तथा समावेशी विषयहरूको समन्वित पहुँच पुर्‍याउँनु नसक्नु,

4=1=6 निर्वाचनमा लैंङ्गिकता तथा समावेशीकरणलाई सम्बोधन गर्न निर्वाचन आयोग र अन्य निकाय एवम् संघ संस्था बीच समन्वय र अन्तरसम्बन्ध प्रभावकारी नहुनु,

4=1=7 निर्वाचन सम्बन्धी अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैङ्गिक र समावेशी विषय एवम् सूचकहरुलाई समावेश गर्न नसक्नु,

4=1=8 राजनीतिक दलहरुले लैंङ्गिक तथा समावेशी सवालहरुलाई सम्बोधन गरी महिला तथा समावेशी समूहबाट दलको विभिन्न विषयगत क्षेत्रगत समिति वा तहगत समितिहरुमा नेतृत्व गराई उनीहरुको क्षमता विकास गर्ने बिषयलाई आत्मसात् गर्न नसक्नु,

4=1=9 निर्वाचनका प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार एवम् अन्य सामग्रीहरूको कमी हुनु,

4=1=10 महिला एवम् लक्षित वर्ग तथा समुदाय बीचको आर्थिक, सामाजिक र शैक्षिक अन्तर उच्च रहेकोले स्रोत साधनमा समान एवम् न्यायोचित/समन्वित पहुँच पुर्‍याउँन कठिन हुनु,

४.१.११ निर्वाचन व्यवस्थापनमा लैङ्गिक समानता तथा समावेशीकरणका लागि आवश्यक खण्डिकृत तथ्यांकको अभाव हुनु ।

### 4=2 चुनौती

निर्वाचन व्यवस्थापनलाई लैङ्गिकमैत्री तथा समानुपातिक समावेशी सिद्धान्त अनुरुप व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका चुनौतीहरु रहेका छन् :

4=2=1 पछाडिएका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायलाई संवैधानिक एवम् कानूनी व्यवस्था अनुसार लैङ्गिक समानता तथा समावेशीकरणको सिद्धान्त बमोजिम सशक्तिकरण गर्ने,

4=2=2 निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरणमा महिला तथा लक्षित समूहको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने,

4=2=3 राज्यका सबै तह, क्षेत्र र निकायमा लैङ्गिक एवम् समावेशी दृष्टिकोणलाई मूल प्रवाहीकरण गरी शासन व्यवस्थामा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व, सहभागिता, स्वामित्व र नेतृत्व संस्थागत गर्ने,

४.२.४ निर्वाचन आयोग, राजनीतिक दल र निर्वाचन सरोकारवालाहरु वीच लैङ्गिक तथा समावेशिताको अवधारणामा साझा दृष्टिकोण कायम गर्ने,

4=2=5 निर्वाचन आयोग, राज्यका विभिन्न तह र निकाय, राजनीतिक दल तथा निर्वाचन सरोकारवालाहरू बीच लैङ्गिक तथा समावेशी नीति, योजना तथा कार्यक्रमहरूमा समाञ्जस्यता परिपूरकता र समन्वय कायम गर्ने,

4=2=6 महिला तथा विभिन्न वर्ग र समुदाय बीच रहेको आर्थिक, सामाजिक एवम् शैक्षिक क्षेत्रमा रहेको अन्तरलाई कम गरी राज्य प्रदत्त सेवा सुविधा र स्रोत साधनमा न्यायोचित पहुँच पुऱ्याउने,

४.२.७ निर्वाचन खर्चमा सकारात्मक विभेदको सिद्धान्त अवलम्बन गरी महिला तथा समावेशी समूहका लागि राज्य कोषबाट निर्वाचन खर्च उपलब्ध गराउने व्यवस्था गर्ने,

४.२.८ कानूनी रुपमा नै बाध्यात्मक गरिएको अवस्थामा बाहेक स्वस्फुर्त रुपमा महिला तथा समावेशी समुहबाट जनसंख्याको आधारमा प्रतिनिधित्व गराउने,

४.२.९ महिला तथा समावेशी समुहका व्यक्तिहरुलाई आफ्नो सवालमा सामूहिक सौदाबाजी गर्न सक्ने गरी सशक्तिकरण गराउने ।

## ४.३ अवसर

नेपालको संविधानले अंङ्गिकार गरेको लैङ्गिक तथा समानुपातिक समावेशी सिद्धान्त एवम् निर्वाचन सम्बन्धी कानूनले निर्दिष्ट गरेका लैङ्गिक तथा समावेशी व्यवस्थाले निर्वाचन प्रक्रियालाई लैङ्गिक समानतामूलक तथा समावेशी बनाउन मार्गप्रसस्त गरेको छ । निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी सवालहरुलाई सम्वोधन गर्ने अवसरहरु देहाय बमोजिम रहेका छन् :

४.३.१ नेपालको संविधानले महिला तथा विभिन्न वर्ग, क्षेत्र, जातजाती र समुदायका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने अधिकारलाई उपयोग गर्नु,

४.३.२ नेपालको संविधान तथा प्रचलित निर्वाचन कानूनले संघ, प्रदेश र स्थानीय तहका विभिन्न निर्वाचित पदमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु,

४.३.३ महिला तथा विभिन्न लक्षित वर्ग, क्षेत्र, जातजाती एवम् समुदायका नागरिकमा आफ्नो हक अधिकारका बारेमा सचेत भै सहभागी एवम् प्रतिस्पर्धी हुने क्षमता बढ्दै जानु,

४.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई व्यवस्थित, प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन विभिन्न संवैधानिक आयोगबाट कार्यक्रमहरु तर्जुमा भई कार्यान्वयनको वातावरण बन्दै जानु,

४.३.५ निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी सवालहरूको सम्बोधन गर्न सरोकारवालाहरू बीच समन्वय, सहकार्य र साझेदारी बढ्दै जानु,

४.३.६ सामाजिक दृष्टिकोण, मूल्य, मान्यता, सोच, धारणा र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तनका साथै निर्वाचनका विभिन्न चरण र प्रक्रियामा लैङ्गिक तथा समावेशिताका मुद्धा सम्बोधन गर्न सहज हुँदै जानु,

४.३.७ निर्वाचनमा लैङ्गिक तथा समावेशी सवालहरूमा विभिन्न आयोग लगायत आपाङ्गता भएका व्यक्तिहरु, महिला तथा अन्य समावेशी समूहका संघ संस्थासँग साझेदारी एवम् सहकार्य गर्ने वातावण बन्दै जानु,

४.३.८ निर्वाचनमा लैङ्गिक तथा समावेशी सवालहरूमा विभिन्न प्रशिक्षण केन्द्रहरु मार्फत सचेतना र शक्तिकरणका लागि प्रशिक्षण सञ्चालन गर्न सकिने अवसर बृद्धि हुँदै जानु,

४.३.९ स्थानीय तहको वडा समिति तथा कार्यपालिका र जिल्ला समन्वय समितिमा महिला तथा समावेशी समूहको प्रतिनिधित्व कानुनतः सुनिश्चित भएको सन्दर्भमा स्थानीय तहबाट नै नीति निर्माण र राज्य सञ्चालनमा महिला तथा समावेशी समूहको नेतृत्व विकास गर्नु,

४.३.१०नेपालले सन् २०३० सम्ममा हासिल गर्ने दिगो विकासको लक्ष्यमा महिलाको सहभागिता स्थानीय तहमा ४२ प्रतिशत, प्रदेश सभामा ४० प्रतिशत र संघीय संसदमा ४० प्रतिशत पुर्‍याउने लक्ष्य तय गरेको सन्दर्भमा यो लक्ष्य प्राप्तिका लागि कार्य गर्नु ।

## ५. नीतिको आवश्यकता

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प र प्रतिवद्धता सहित महिलाहरूलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक रुपले पछाडि परेका विभिन्न लक्षित वर्गहरू दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुश्लिम समुदाय, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रुपले विपन्न खस आर्य आदिलाई राज्यका निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग र मुश्लिम आयोगको व्यवस्था गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई थप व्यवस्थित, प्रभावकारी र नतिजामुखी बनाउने प्रयत्न गरिएको छ । शासन प्रणालीलाई लैंङ्गिक समानता तथा समावेशीकरण सिद्धान्तको आधारमा प्रतिनिधिमूलक बनाउन मुलुकको बहुलतायुक्त सामाजिक स्वरुपलाई अवसरको रुपमा ग्रहण गरी निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा अंगिकार गर्नु पर्ने आवश्यकता टड्कारो बन्दै गएको छ ।

नेपालको संविधान बमोजिम निर्वाचनका सबै प्रक्रियाहरुमा महिला तथा लक्षित ( समावेशी समूह) वर्गको सहभागिता वृद्धि गरी राज्य प्रदत्त सेवा सुविधा र अवसरमा न्यायोचित पहुँच पुर्‍याउन राज्य संयन्त्रका सबै निकाय तथा निर्वाचित हुने निकायहरुमा सहभागिता

बढाउने कुरालाई दृष्टिगत गरी निर्वाचन आयोगले नेपालको अन्तरिम संविधान २०६३ लाई मूल आधार मानी आयोगको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो । सम्वत् २०७० सालमा सम्पन्न भएको अर्को संविधान सभा सदस्य निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणाली समेतबाट संविधानसभामा महिलाको सहभागिता करिब ३३ प्रतिशत पुग्यो भने अन्य लक्षित वर्गको समेत उल्लेखनीय प्रतिनिधित्व रह्यो । आयोगले लैंङ्गिक तथा समावेशीकरण नीति, २०७० को कार्यान्वयन गर्न पहल गरे अनुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ मा स्थानीय तह गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाको प्रमुख र उप-प्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उप-प्रमुख मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरियो । त्यसैगरी नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानूनले गाउँपालिकाको वडा समितिको सदस्यमा एक जना दलित महिला र एक जना अन्य महिला सहित दुई जना महिला सदस्य रहने, गाउँ कार्यपालिकामा गाउँसभाका सदस्यले आफू मध्येबाट निर्वाचित गरेका चार जना महिला र दुई जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने, नगरपालिकाको वडा समितिको सदस्यमा एक जना दलित महिला र एक जना अन्य महिला सहित दुई जना महिला सदस्य रहने, नगर कार्यपालिकामा नगरसभाका सदस्यले आफू मध्येबाट निर्वाचित गरेका पाँच जना महिला र तीन जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने व्यवस्था गर्‍यो । त्यसैगरी संविधानतः जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना रहने गरी जिल्ला सभाले जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ तथा सोको आधारमा तर्जुमा भएका निर्वाचन सम्बन्धी कानून, निर्वाचन आयोगले तर्जुमा गरी कार्यान्वयनमा ल्याएको आयोगको रणनीतिक योजना, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी, १९७९, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, २००६, लगायत अन्तर्राष्ट्रिय कानूनले सिर्जना गरेको दायित्व समेतका आधारमा तयार गरिएको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० लाई सम्वत् २०७२ सालमा जारी भएको नेपालको संविधान, सोको आधारमा तर्जुमा भएका निर्वाचन सम्बन्धी कानुन तथा निर्वाचनबाट प्राप्त भएका उपलब्धि समेतलाई दृष्टिगत गर्दा बाध्यकारी अवस्थामा वाहेक महिला र समावेशी समूहको प्रभावकारी प्रतिनिधित्व हुन नसकेकोले विद्यमान लैङ्गिक तथा समावेशीकरण नीति, २०७० मा समयानुकुल परिमार्जन गर्न आवश्यक छ । यसरी नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानूनहरुमा भएको व्यवस्था बमोजिम आयोगले सम्वत् २०७४ सालमा सम्पन्न गरेको स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको परिणाम अनुसार स्थानीय तहमा.४०.७५ प्रतिशत, प्रदेश सभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत, र राष्ट्रियसभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ । सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेशी, दलित र अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत, २ प्रतिशत र ४ जना, प्रदेश सभामा क्रमशः १८ प्रतिशत, ६ प्रतिशत र ३ जना, प्रतिनिधि सभामा क्रमशः १७ प्रतिशत, ७ प्रतिशत र २ जना तथा राष्ट्रिय सभामा क्रमशः ८ प्रतिशत, १२ प्रतिशत र ४ जना रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ तथा सोको आधारमा तर्जुमा भएका निर्वाचन सम्बन्धी कानून, निर्वाचन आयोगले तर्जुमा गरी कार्यान्वनयमा ल्याएको आयोगको रणनीतिक योजना, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ लगायत अन्तर्राष्ट्रिय कानूनले सिर्जना गरेको दायित्व समेतका आधारमा तयार गरिएको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० लाई सम्वत २०७२ सालमा जारी भएको नेपालको संविधान, सोको आधारमा तर्जुमा भएका निर्वाचन सम्बन्धी कानुन तथा निर्वाचनबाट प्राप्त भएका उपलब्धी समेतलाई दृष्टिगत गर्दा बाध्यकारी अवस्थामा वाहेक महिला र समावेशी समुहको प्रभावकारी प्रतिनिधित्व हुन नसकेकोले विद्यमान लैङ्गिक तथा समावेशीकरण नीति, २०७० मा समयानुकुल परिमार्जन गर्न आवश्यक देखिएको छ ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा महिला तथा लक्षित वर्गलाई राज्यका निकायमा सहभागी हुने हक प्रदान गरेको र निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचनका प्रक्रियामा लैङ्गिक तथा समावेशिता अभिवृद्धि गरिने कार्यनीति र आयोगको लैङ्गिक तथा समावेशिकरण नीतिको परिमार्जन गरी कार्यान्वयन गर्ने क्रियाकलाप समावेश गरिएको सन्दर्भमा आयोगको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० मा समसामयिक सुधार गरी देहायका आवश्यकताको संवोधनका लागि लैङ्गिक तथा समावेशी नीति आवश्यक भएको हो :-

५.१ नेपालको संविधानले अं·कार गरेको शासन व्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउँन,

५.२ मुलुकको संघीय शासन व्यवस्थाको ढाँचा, मौलिक हक अधिकार, निर्वाचन सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्था र निर्वाचन सम्बन्धी विश्वव्यापी मान्यता, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीप्रतिको प्रतिवद्धता तथा दिगो विकासको लक्ष्यसँग लैङ्गिक तथा समावेशी नीतिलाई आवद्ध गर्न,

५.३ निर्वाचन सम्बन्धी नीति, कानून, योजना, बजेट, कार्यक्रम, सेवा प्रवाह एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियामा लैङ्गिक समानता तथा समावेशीकरणलाई सम्बोधन गर्न,

५.४ निर्वाचन चक्रका सबै चरणमा लैङ्गिकता तथा समावेशीतालाई योजनावद्ध रुपमा मूल प्रवाहीकरण गरी नीतिगत एवम् कार्यगत परिपूरकता र सामाञ्जस्यता कायम गरी निर्णायक तहमा महिला तथा अन्य समावेशी समुहको नेतृत्व स्थापित गर्न,

५.५ राजनीतिक दल एवम् निर्वाचनका सरोकारवालाहरूबाट हुने निर्वाचन सम्बन्धी क्रियाकलापमा लैङ्गिक समानता तथा समावेशीकरणको आन्तरिकिकरणमा सहजीकरण एवम् मार्ग निर्देश गर्न ।

## ६. संगठनात्मक प्रतिवद्धता

लैङ्गिक तथा समावेशी नीतिको प्रभावकारी कार्यान्वयनको लागि आयोगले देहाय बमोजिमको प्रतिवद्धता जनाएको छ :

६.१ समानता प्रवर्द्धनः

आयोगले लैङ्गिकमैत्री एवम् समावेशी र युवामैत्री कार्यस्थल, कार्यशैली र कार्य प्राथमिकताको वातावरणलाई ध्यान दिनेछ । लैङ्गिकता तथा  समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, अन्य सीमान्तकृत समुदायको कार्यस्थलमा समान पहुँचको सुनिश्चितता प्रदान गर्नेछ । साथै निर्वाचनका सबै प्रक्रियाहरुमा (उदाहरणका लागि कर्मचारी भर्ना, तालिम, स्वयंसेवक तथा पर्यवेक्षक छनौट र परिचालन आदिमा) लैङ्गिक समानता तथा  समावेशीकरणलाई प्रवर्द्धन गरिनेछ ।

६.२ लैङ्गिकतामा आधारित विभेदको अन्त्य :

संस्कृति, परम्परा, रितिस्थिति र सामाजिक मान्यताले पुरुषको दाजोमा महिलाको भूमिकालाई कम महत्व दिएको छ । महिला र पुरुष बीचको असमान शक्ति सम्बन्ध, महिला तथा यौनिक अल्पसंख्यक माथिको विभेदको कारण उनीहरुले लैङ्गिकतामा आधारित हिंसा भोग्नु परेको छ । विशेषत निर्वाचनको अवधिमा हुने लैङ्गिकतामा आधारित हिंसा न्युनिकरणका लागि आयोग सबै वर्ग, क्षेत्र, जातजाति, समुदाय र आर्थिक, सामाजिक हैसियतका कारण पछाडी परेका महिलाहरुको संरक्षण, विकास, सशक्तिकरण, अवसर र पहुँचको निम्ति क्रियाशील रहने छ ।

६.३ मूलप्रवाहीकरण :

लैङ्गिक समानता तथा समावेशीताको मूल प्रवाहीकरण प्रक्रियाले निर्वाचन व्यवस्थापनका सबै चरण र प्रक्रियाका नीतिगत व्यवस्था, संस्थागत प्रवन्ध, कार्यवातावरण र कार्य संस्कृतिको क्षेत्रमा महिला तथा लक्षित वर्गले भोग्नु परेका पहिचानको समस्या र उचित सम्वोधन गरी आयोगले आफ्ना सबै काम कारवाही र कृयाकलापलाई लैङ्गिक रुपमा समान र सामाजिक रुपमा समावेशी बनाउन निरन्तर प्रयास गर्नेछ ।

६.४ बाधा अवरोधहरुको सम्वोधन :

लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयनमा सबैको समान पहुँच तथा अर्थपूर्ण सहभागिताको लागि सम्भावित जोखिमको विश्लेषण गरी बाधा अवरोधहरुको निराकरण गरिनेछ । लैङ्गिकता, अपा•ता, भौगोलिक विकटता, सामाजिक बञ्चितीकरण, आर्थिक विपन्नता तथा व्यक्तिगत कमजोरीका कारण सिर्जित बाधा अवरोधहरुलाई स्थानगत एवं विषयगत रुपमा सम्वोधन गरी अवसरको सुनिश्चितता प्रदान गरिने छ ।

६.५ विभेदजन्य क्रियाकलापमा शून्यसहनशीलता

निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरणमा आयोग र अन्तर्गत, तथा अन्य सरोकारवालाहरुबाट यौनजन्य दुर्व्यवहार, लैङ्गिकतामा आधारित भेदभावपूर्ण व्यवहार तथा सामाजिक विभेदपूर्ण उत्पीडन र व्यवहार हुन नदिन आयोग प्रतिवद्ध रहेको छ । निर्वाचन व्यवस्थापनको सिलसिलामा कार्य स्थलमा हुने सबै प्रकारका दुर्व्यवहार र विभेदजन्य क्रियाकलाप विरुद्ध शुन्यसहनशीलता  अपनाइने छ ।

६.६ उत्तरदायित्वको सुनिश्चितता

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेश नीतिले महिला तथा लक्षित वर्गको सशक्तिकरण, समान अवसर र न्यायोचित पहुँचमा जोड दिन्छ । निर्वाचन व्यवस्थापनको क्षेत्रमा लैङ्गिक समानता तथा  समावेशीकरणले प्रणालीगत एवं संस्कारगत परिवर्तनलाई दिगो बनाउँछ । यसले महिला तथा लक्षित वर्ग र समुदायलाई आफ्नो अधिकार प्रति सचेत र कर्तव्य प्रति जागरुक भई सशक्त बनाउने तथा उनीहरु प्रति जवाफदेही तुल्याउन उपयुक्त भूमिका निर्वाह गर्दछ ।

६.७ कार्यस्थलमा विविधताको प्रवर्द्धन

आयोगमा कार्यरत कर्मचारीहरुका लागि कार्यस्थलको पूर्वाधार तथा कार्य वातावरण लैङ्गिक विविधता तथा समताको सिद्धान्त अनुसार स्वच्छ, सुरक्षित र मर्यादित बनाइने छ ।

६.८ दुर्व्यवहार र भेदभाव निषेध

आयोग कुनै पनि धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था वा यस्तै कुनै आधारमा भेदभाव वा दुर्व्यवहार नहुने सुनिश्चित गर्न प्रतिवद्ध छ । साथै सबै कर्मचारीको प्रतिष्ठा र भावनाको सम्मान गर्दछ । कुनै पनि पुरुष, महिला वा अन्य लैङ्गिक, अल्पसंख्यक कर्मचारीमा यौनजन्य दुर्व्यवहार जस्ता आचरण व्यवहार वा टिकाटिप्पणीलाई निषेध गर्दछ ।

आयोगले लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको सन्दर्भमा कर्मचारीहरु तथा अन्य सरोकारवाला व्यक्तिहरुमा हुन सक्ने माथि उल्लिखित विभिन्न किसिमका आचरण, व्यवहार तथा कुनै पनि भेदभाव विरुद्ध गुनासो तथा उजुरी सुनुवाई सम्बन्धी उपयुक्त व्यवस्था गर्नेछ ।

## ७. दूरदृष्टि :

लैङ्गिक तथा समावेशी निर्वाचन

## ८. ध्येय :

निर्वाचनमा लैङ्गिक समानता तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दै नागरिकहरुको लोकतान्त्रिक अधिकारको उपभोगको सुनिश्चतता गर्ने ।

## ९. लक्ष्य :

लैङ्गिक समानतामूलक तथा समावेशी निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढीकरणमा योगदान पुर्याउने ।

## १०. उद्देश्य :

१०.१ लैङ्गिक समानता तथा समावेशिताका आधारमा निर्वाचन व्यवस्थापनका सबै चरण र प्रक्रियामा महिला तथा लक्षित वर्गको सहभागिता, अग्रसरता र भूमिका स्थापित गर्नु,

१०.२ निर्वाचन प्रक्रियाका सबै चरणमा लैङ्गिक समानता तथा समावेशीतालाई मूलप्रवाहीकरण गर्नु,

१०.३ लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयनमा राजनीतिक दल तथा निर्वाचनका सरोकारवालासँगको साझेदारी, समन्वय र अन्तर सम्बन्धलाई प्रभावकारी बनाउनु,

१०.४ राजनीतिक दल तथा अन्य सरोकारवालाहरुलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन आवश्यक समन्वय, सहयोग र सहजीकरण गरी क्षमता अभिवृद्धि गर्नु,

## ११. नीति

११.१ निर्वाचनका व्यवस्थापनका सबै चरणका गतिविधि र प्रक्रियालाई लैङ्गिकमैत्री तथा समावेशी मैत्री बनाउने,

११.२ निर्वाचन सम्वन्धी नीति, कानून र कार्यक्रमको कार्यान्वयनमा लैङ्गिक तथा समावेशी दृष्टिकोणलाई आन्तरिकीकरण गर्ने,

११.३ निर्वाचन तथा मतदाता शिक्षा, नागरिक शिक्षा, सचेतना तथा सूचना सामाग्रीलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउने,

११.४ आयोगबाट प्रवाह हुने सेवा र सुविधा, प्रदान गरिने अवसर एवम् निर्माण गरिने संस्थागत संरचनाहरुमा महिला, अपाङ्गता भएका व्यक्ति तथा समावेशी सकुहको न्यायोचित पहुँच सुनिश्चित गर्ने,

११.५ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनका लागि संघीय, प्रादेशिक र स्थानीय सरकार,राजनीतिक दल तथा संघ संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्य गर्ने,

## १२. रणनीति :

१२.१ लैङ्गिक समानता तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरुप निर्वाचन व्यवस्थापन प्रक्रियामा महिला तथा समावेशी समूहको सहभागिता अभिवृद्धि गरी लेखाजोखा र विश्लेषण गर्ने पद्धति संस्थागत गरिनेछ।

१२.२ आयोगको नीति, कानून, योजना, बजेट, कार्यक्रम, संरचना तथा निर्वाचनका सबै चरण र प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्दै लगिने छ।

१२.३ निर्वाचन आयोग र अन्तर्गतका कार्यालय एवम् निर्वाचनमा प्रयोग हुने पूर्वाधार संरचना र सूचना सामग्रीलाई लैङ्गिक, समावेशी तथा अपाङ्गता मैत्री बनाउँदै लगिनेछ।

१२.४ सम्बन्धित संवैधानिक आयोग, सरकारी निकाय, राजनीतिक दल, गैर सरकारी संस्था, नीजि क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालासँगको समन्वय, सहकार्य, साझेदारीमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन गरिनेछ।

१२.५ राजनीतिक दल तथा निर्वाचनका अन्य सरोकारवालाहरुलाई लैङ्गिक तथा समावेशी नीतिले निर्दिष्ट गरेका विषयहरुको आन्तरिकीकरण गर्न आवश्यक सहयोग, सहजीकरण गरी क्षमता विकास तथा अभिबृद्धि गरिने छ।

## १३. कार्यनीति

रणनीति १ सँग सम्बन्धित -

१३.१ निर्वाचन व्यवस्थापनमा प्रयोग गरिने फाराम, चेकलिष्ट तथा विवरणहरुबाट लैङ्गिक एवं समावेशी समूहको स्पष्ट पहिचान हुनेगरी खण्डिकृत तथ्यांक लिने र अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ।

१३.२ लैङ्गिक तथा समावेशीता लेखाजोखा एवं विश्लेषणका लागि उपयुक्त आधार, विधि, प्रक्रिया, वस्तुगत सूचक, मापदण्ड र तथ्यांक प्रणालीको विकास गरिनेछ।

१३.३ आयोगको निर्वाचन सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिकमैत्री तथा समावेशी हुने गरी विकास र सञ्चालन गरिनेछ।

१३.४ निर्वाचन आयोग र अन्तर्गत कार्यालयका कर्मचारीहरु तथा निर्वाचनमा खटिने कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन प्रशिक्षित गर्दै लगिने छ।

१३.५ निर्वाचन सञ्चालन तथा व्यवस्थापन एवम् निर्वाचन सुरक्षाका लागि कर्मचारीहरूको नियुक्ति तथा खटनपटन गर्दा महिला तथा समावेशी समूहको सहभागिता बृद्धि गर्दै लगिनेछ।

१३.६ महिला, पुरुष, यौनिक अल्पसंख्यक, समावेशी समूह, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क विवरण देखिने गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

१३.७ मतदानमा सहभागी मतदाताको लैङ्गिक तथा समावेशी विवरण खुलाई प्रतिवेदन गर्ने प्रणाली प्रारम्भ गरिनेछ ।

१३.८ मतदाता नामावली संकलन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्दा खटिने स्वयंसेवक तथा कर्मचारीहरुमा स्थानीय उपलब्धता अनुसार महिला तथा समावेशी समूहलाई संलग्न गराउन प्राथमिकता दिइनेछ ।

१३.९ आयोग र अन्तर्गत कार्यालयबाट सञ्चालन गरिने तालिम, गोष्ठी, प्रशिक्षण, सेमिनार, छलफल, अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथ लक्षित वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ ।

१३.१० आयोगबाट तयार गरिने तालिम तथा प्रशिक्षणका पाठ्यक्रम, पाठ्य सामग्री, निर्वाचन तथा मतदाता शिक्षा र सूचना सम्बन्धी स्रोत सामग्रीहरुलाई थप अध्ययन, अनुसन्धान गरी लैङ्गिक, समावेशी, युवा र अपङ्गगतामैत्री बनाईनेछ ।

१३.११ निर्वाचनमा महिला, समावेशी समूह तथा लक्षित वर्ग, क्षेत्र र समुदायको सहभागिता र प्रतिनिधित्वको लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.१२ नागरिक शिक्षा, निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रशिक्षक, स्वयंसेवक एवं सेवा प्रदायक छनौट गर्दा महिला तथा समावेशी समूह समेतको सहभागिता गराई विविधता व्यवस्थापनको सुनिश्चितता गरिनेछ ।

१३.१३ आयोग र अन्तर्गत कार्यालयमा कार्यरत लगायत निर्वाचनमा खटिने सम्पूर्ण जनशक्तिको खण्डिकृत तथ्यांक विवरण अद्यावधिक गरिनेछ ।

१३.१४ आयोगले तयार गरेका लैङ्गिक तथा समावेशी तथ्यांक तथा प्रतिवेदन सार्वजनिकीकरण गरी आयोगको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ ।

रणनीति २ सँग सम्बन्धित -

१३.१५ निर्वाचन सम्बन्धी नीति तथा कानूनलाई लैङ्गिक तथा समावेशी नीति अनुकूल हुनेगरी तर्जुमा, पुनरावलोकन, परिमार्जन र संशोधन गरिनेछ ।

१३.१६ निर्वाचन व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीताको प्रवर्द्धन गर्न संस्थागत संयन्त्रको व्यवस्था गरी क्रियाशील तुल्याइनेछ ।

१३.१७ आयोगको बजेट तथा कार्यक्रमलाई लैङ्गिक समावेशी उत्तरदायी बनाई कार्यान्वयन तथा परिक्षण गरिनेछ ।

१३.१८ लैङ्गिक तथा समावेशी सवालहरुको मूल प्रवाहीकरण गर्न आयोगमा जिम्मेवारी सहितको शाखा तथा सम्पर्क व्यक्ति तोकि यसलाई क्रमश प्रदेश तथा जिल्ला कार्यालयमा समेत विस्तार गरिनेछ ।

१३.१९ समानुपातिक समावेशी सिद्धान्तका आधारमा गराइनु पर्ने सहभागितालाई सरलीकृत गर्न संविधानमा उल्लेख भएका आर्थिक रुपले विपन्न, अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख शब्दावलीहरूको कानूनद्वारा स्पष्ट व्याख्या गर्न पहल गरिनेछ ।

१३.२० स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पद मध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको उम्मेदवारी नै दिनु पर्ने गरी कानुनी व्यवस्थाको लागि पहल गरिनेछ ।

१३.२१ दलित वा अल्पसंख्यक समुदायबाट गाउँ कार्यपालिकामा दुई जना र नगरकार्यपालिकामा तीन जना निर्वाचित गर्ने संवैधानिक प्रावधानलाई स्पष्ट र सरलीकृत गर्न दुवै समुदायबाट प्रतिनिधित्व हुने गरी कानुन निर्माण गर्न पहल गरिनेछ ।

१३.२२ संवैधानिक व्यवस्था अनुसार राष्ट्रिय सभा सदस्यमा प्रत्येक प्रदेशबाट अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यकबाट कम्तीमा एक एक जना को प्रतिनिधित्व सुनिश्चित हुने गरी कानुनमा व्यवस्था गर्न पहल गरिनेछ ।

१३.२३ स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६(२) मा  गाउँपालिका वा नगरपालिकाको वडा समितिमा एक जना दलित महिला सहित दुई जना महिला वडा सदस्य हुने व्यवस्था भएकामा निर्वाचनमा दलित महिला सदस्यको उम्मेदवारी नपरेको विषयमा आवश्यक अध्ययन र विश्लेषण गरी व्यवहारिक बनाउन पहल गरिनेछ ।

१३.२४ दिगो विकासको लक्ष्य अनुसार संघीय संसद, प्रदेशसभा र स्थानीय तहमा महिला सहभागिता र प्रतिनिधित्वको लागि प्रचलित निर्वाचन कानूनमा संशोधन गर्न पहल गरिनेछ ।

१३.२५ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट समेत महिला तथा समावेशी समुहका उम्मेदवारको संख्या तथा बिजयी सदस्यको संख्यामा बृद्धि गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न पहल गरिनेछ ।

१३.२६ समानुपातिक निर्वाचन प्रणालीमा दश प्रतिशत भन्दा कम सिट प्राप्त गर्ने राजनीतिक दलले जतिसुकै सिट जिते पनि तोकिएको समावेशी समूहको कोटा लागु हुने गरी कानुनमा संशोधन गर्न पहल गरिनेछ ।

रणनीति ३ सँग सम्बन्धित -

१३.२७ मतदान स्थल, मतदानकेन्द्र, मतगणना स्थल, मतदाता नामावली दर्तास्थल लगायतका भौतिक तथा सामाजिक पूर्वाधारलाई लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सबैको समान पहुँच सुनिश्चित गरिनेछ ।

१३.२८ निर्वाचन आयोग र अन्तर्गत निर्माण हुने भवन तथा अन्य भौतिक संरचना लैङ्गिक तथा अपाङ्गतामैत्री बनाइनेछ ।

१३.२९ निर्वाचन आयोग तथा अन्तर्गतबाट आयोजना हुने कार्यक्रमको लागि स्थल छनौट गर्दा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना भएका स्थानलाई प्राथमिकता दिइनेछ ।

१३.३० गम्भीर प्रकृतिका अशक्त, दीर्घ रोगी, ज्येष्ठ नागरिक मतदातालाई निर्वाचनको दिन मतदान केन्द्रसम्म सहज पहुँचका लागि विशेष व्यवस्था गरिनेछ ।

१३.३१ लक्षित समुहको बसोवास तथा संख्यात्मक अवस्थाको पहिचान गर्न स्थानीय सरकार लगायत अन्य संयन्त्रहरुसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

१३.३२ लक्षित समुहका लागि निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी सुचना सामग्रीहरु तयार गर्दा उक्त समुहसँग छलफल तथा आवश्यक अध्ययन समेत गरी सोही अनुसार निर्माण गरिनेछ ।

१३.३३ निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी सुचना, प्रशिक्षण सामग्री, पाठ्यक्रम, जानकारी मुलक पर्चा, पोष्टर, पम्प्लेट आदि लैङ्गिक तथा अपाङ्गता मैत्री बनाउदै लगिनेछ ।

१३.३४ आयोगमा महिला कर्मचारीहरुको विशेष अवस्थालाई ध्यानमा राखि आराम कक्ष, स्तनपान कक्ष, शिशु स्याहार कक्ष र बालबालिका हेरचाह कक्ष तयार गरिनेछ ।

रणनीति ४ सँग सम्बन्धित -

१३.३५ लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयनका लागि सम्वन्धित निकायको सहभागिता हुने गरी आवश्यक समिति गठन गरी क्रियाशील तुल्याइनेछ ।

१३.३६ निर्वाचन व्यवस्थापनको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको प्रोफाइल तयार गरी आवश्यकता अनुसार समन्वय, सहकार्य र परिचालन गरिनेछ ।

१३.३७ संघ, प्रदेश र स्थानीय तहका विभिन्न पदमा निर्वाचित महिला तथा लक्षित समूहका प्रतिनिधिहरु तथा पदाधिकारीहरुको विवरण तयार गरिनेछ ।

१३.३८ निर्वाचनको पर्यवेक्षण गर्दा लैङ्गिक तथा समावेशी चेकलिष्ट प्रयोग गरी सोही बमोजिम प्रतिवेदन दिने व्यवस्था मिलाइनेछ ।

१३.३९ बिभिन्न तहका निर्वाचित प्रतिनिधि, महिला तथा समावेशी समूहबाट निर्वाचित पदाधिकारी तथा अन्य संघसंस्थाका प्रतिनिधिहरूलाई निर्वाचन सञ्चालन, सुशासन र लोकतन्त्रको सुदृढिकरण सम्वन्धी विषयमा प्रशिक्षित गरी क्षमता अभिबृद्धि गर्दै लगिनेछ ।

१३.४० निर्वाचनमा महिला तथा समावेशी समूहको सहभागिता वृद्धिका लागि सबै राजनीतिक दलका प्रतिनिधि तथा सामाजिक संघ संस्थाका प्रतिनिधि सम्मिलित सञ्जाल गठन र परिचालन गरिने छ ।

१३.४१ निर्वाचन प्रचार प्रसार गर्दा महिला, अपागंता भएका व्यक्ति एवम् समावेशी समूहका उम्मेदवारलाई अप्रत्यक्ष धम्की दिने, हतोत्साहित गर्ने चरित्र हत्या गर्ने एवं कमजोरी देखाउने किसिमका विभेदजन्य कार्यलाई नियन्त्रण गरिने छ ।

१३.४२ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनमा बिभिन्न क्षेत्रमा क्रियाशील महिला सञ्जाल तथा यस्तै प्रकृतिका महिला समूहहरुसँग अन्तरक्रिया र छलफल गरिनेछ ।

१३.४३ महिला, समावेशी समुह र लक्षित वर्गको मतदाता नामावलीमा नाम दर्ताका लागि प्रोत्साहन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विभिन्न संञ्जालहरु र अन्य सरोकारवालासँगको साझेदारी र समन्वयमा घुम्ती सेवा, सचेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.४४ निर्वाचन व्यवस्थापनका सबै चरण र प्रक्रियामा युवा बर्गको समावेशी सहभागिता अभिबृद्दी गरिनेछ ।

१३.४५ निर्वाचनमा महिला, समावेशी समूहको सहभागिता वृद्धि गर्न स्थानीय तहमा आवश्यक संयन्त्र गठन र परिचालन गर्न स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१३.४६ संवैधानिक व्यवस्था बमोजिम राज्यका निकायमा किसान तथा श्रमिक वर्गको समानुपातिक सहभागिता र प्रतिनिधित्व सम्बन्धी अध्ययन गरिनेछ ।

रणनीति ५ सँग सम्बन्धित

१३.४७ राजनीतिक दल तथा अन्य सरोकारवालाहरुलाई लैङ्गिक तथा समावेशी नीतिले निर्दिष्ट गरेका विषयहरुको आन्तरिकीकरण गर्न आवश्यक सहयोग, सहजीकरण र क्षमता विकास गरिने छ ।

१३.४८ राजनीतिक दल सम्बन्धी कानूनी व्यवस्था बमोजिम राजनीतिक दलको संगठन संरचना र प्रतिनिधित्वलाई लैङ्गिक तथा समावेशी बनाउन सहजिकरण तथा निर्देशित गरिनेछ ।

१३.४९ राजनीतिक दल सम्बन्धी कानूनमा भएको समावेशी व्यवस्था अनुसार दलको सबै तहका समितिहरुमा महिला तथा समावेशी समूहको सहभागिता सम्वन्धि विवरण अद्यावधिक गरी कार्यान्वयन भए नभएको सम्बन्धमा आयोगको सचिवालय र जिल्ला निर्वाचन कार्यालयहरु मार्फत नियमित अनुगमन गरिनेछ ।

१३.५० राजनीतिक दलहरुलाई लैङ्गिक तथा समावेशीताका सवालहरुमा संवेदनशील बनाउन आवश्यक सहजीकरण तथा प्रशिक्षण व्यवस्था गरिने छ ।

१३.५१ राजनीतिक दल दर्ता, नियमन र प्रतिवेदन सम्बन्धी व्यवस्थालाई लैङ्गिक, समावेशी तथा अपाङ्गतामैत्री बनाइने छ ।

१३.५२ राजनीतिक दलहरुलाई केन्द्रीय तहमा महिला तथा समावेशी विषय हेर्ने उपयुक्त संरचना गठन गर्न तथा सबै तहमा सम्पर्क व्यक्ति तोक्न उत्प्रेरित गरिनेछ ।

१३.५३ राजनीतिक दलका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिका लागि शासन सञ्चालन, निर्वाचन व्यवस्थापन र लैङ्गिक समानता तथा सामाजिक समावेशीता सम्बन्धी अन्तर्क्रिया, छलफल तथा प्रशिक्षण कार्यक्रम गरिनेछ ।

१३.५४ राजनीतिक दलका महिला तथा समावेशी समूह हेर्ने संघीय, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरुसंग छलफल, अन्तरक्रिया र समीक्षा गरिने छ ।

१३.५५ निर्वाचनका विभिन्न चरण र प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीता प्रवर्द्धन गर्न क्रियाशील संघ संस्था र व्यक्तिहरुलाई प्रोत्साहित गरिनेछ ।

१३.५६ आयोगले निर्वाचनसँग सम्वन्धीत खण्डीकृत तथ्यांक तयार गर्दा महिला तथा समावेशी समूहसँग सम्वन्धित संघ, संस्था एवम् सञ्जालसँग अन्तरक्रिया र छलफल गरी सुझाव लिईनेछ ।

## १४. अपेक्षित उपलब्धिः

१४.१ निर्वाचन व्यवस्थापन प्रक्रियामा महिला तथा समावेशी समूहको सहभागिता अभिवृद्धि भई सोको लेखाजोखा र विश्लेषण गर्ने पद्धति संस्थागत भएको हुनेछ ।

१४.२ निर्वाचन सम्बन्धी नीति, कानून, योजना, संरचना तथा निर्वाचनका सबै चरण र प्रक्रिया लैङ्गिकमैत्री तथा समावेशी भएको हुनेछ ।

१४.३ निर्वाचनमा प्रयोग हुने पूर्वाधार संरचना र सूचना सामग्री लैङ्गिक, समावेशी तथा अपाङ्गता मैत्री भएको हुनेछ ।

१४.४ संवैधानिक आयोग, सरकारी निकाय, राजनीतिक दल, गैर सरकारी संस्था, नीजि क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन भएको हुनेछ ।

१४.५ राजनीतिक दल तथा निर्वाचनका अन्य सरोकारवालाका लागि यस नीतिले निर्दिष्ट गरेका विषयको आन्तरिकीकरण भई क्षमता अभिबृद्धि भएको हुनेछ ।

## १५. संस्थागत व्यवस्था :

१५.१ निर्देशक समिति

लैङ्गिक तथा समावेशी नीतिमा उल्लेख भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशक समिति गठन गरिने छ :-

| | | |
|---|---|---|
| (१) | निर्वाचन आयुक्त (सम्बन्धित विषय हेर्ने) | संयोजक |
| (२) | सदस्य, राष्ट्रिय महिला आयोग | सदस्य |
| (३) | सदस्य, राष्ट्रिय समावेशी आयोग | सदस्य |
| (४) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (५) | सचिव, निर्वाचन आयोग | सदस्य |
| (६) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (७) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (८) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| (९) | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (१०) | लैङ्गिक तथा समावेशी क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरु मध्ये एकजना महिला सहित आयोगले मनोनित गरेका २ जना | विज्ञ सदस्य |
| (११) | सम्बन्धित महाशाखा प्रमुख, निर्वाचन आयोग | सदस्य सचिव |

१५.२ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१५.२.१ समावेशी एवम् लैङ्गिक मूल प्रवाहीकरण सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने ।

१५.२.२ निर्वाचन सम्वद्ध मौजुदा एवम् नयाँ निर्माण हुने ऐन, नियमावली, नीति, कार्यविधि, निर्देशिका र आचारसंहिताहरू लैङ्गिक तथा समानुपातिक समावेशी सिद्धान्त अनुरूप बनाउन सहजीकरण र समन्वय गर्ने ।

१५.२.३ निर्वाचन प्रकृयामा लैङ्गिक तथा समावेशीताका सम्बन्धमा विज्ञ टोली मार्फत सुझाव प्राप्त गरी आयोगमा सिफारिस गर्ने ।

१५.२.४ निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरणमा लैङ्गिक तथा समावेशी नीतिको मूल प्रवाहीकरण गर्न अन्तर क्षेत्रगत नीति वीच समन्वय गर्ने तथा नीति, योजना, कार्यक्रम एवम् संस्थागत व्यवस्थालाई लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकार लगायत सम्वद्ध निकायलाई सुझाव तथा परामर्श दिन सिफारिश गर्ने ।

१५.२.५ महिला तथा लक्षित वर्ग र क्षेत्रको समानुपातिक समावेशी प्रतिनिधित्वको लागि गरिएको व्यवस्था अनुरुप राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी पुनरावलोकनको लागि आयोगलाई परामर्श दिने ।

१५.२.६ यस नीतिको कार्यान्वयन अवस्थाको समय समयमा समीक्षा गरी गराई सचिवालय र लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समन्वय समितिलाई आवश्यक निर्देशन दिने ।

१५.३ लैङ्गिक तथा समावेशी नीति अन्तर्निकाय समन्वय समिति

लैङ्गिक तथा समावेशी नीतिको प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिमको अन्तर्निकाय समन्वय समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (१) | सचिव, निर्वाचन आयोग | संयोजक |
| (२) | सचिव, राष्ट्रिय महिला आयोग | सदस्य |
| (३) | सचिव, राष्ट्रिय समावेशी आयोग | सदस्य |
| (४) | सहसचिव, अर्थ मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | सदस्य |
| (५) | सहसचिव, गृह मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | सदस्य |
| (६) | सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | सदस्य |
| (७) | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | सदस्य |
| (८) | सबै महाशाखा प्रमुखहरु, निर्वाचन आयोग | सदस्य |
| (९) | उपसचिव, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | सदस्य सचिव |

१५.४ लैङ्गिक तथा समावेशी नीति अन्तर निकाय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) निर्वाचनमा लैङ्गिक समानता तथ समावेशीतासँग सम्बन्धित कार्यका लागि अन्तर निकाय समन्वय गर्ने ।

(२) निर्वाचन प्रकृयासँग सम्बन्धित कानूनहरू लैङ्गिक तथा समावेशी भए नभएको विश्लेषण गरी निर्देशक समितिलाई सुझावसहित प्रतिवेदन दिने ।

(३) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि अन्तर मन्त्रालय, अन्तर निकाय तथा संघ, प्रदेश र स्थानीय तह वीच समन्वय र सामाञ्जस्यता कायम गर्ने ।

(४) निर्वाचन व्यवस्थापनको क्षेत्रमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको निम्ती अन्तर निकाय संचालित कार्यक्रमको समिक्षा, अनुगमन, मुल्यांकन तथा परीक्षणको व्यवस्था गर्ने गराउने ।

(५) लैङ्गिक तथा समावेशी नीति अनुरुप गठन हुने प्रदेश तथा जिल्ला स्तरीय समितिहरुको काममा आवश्यक सहजीकरण, समन्वय र निर्देशन दिने ।

(६) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशन समितिको काममा आवश्यक सहयोग गर्ने ।

(७) लैङ्गिक तथा समावेशी नीति अन्तर निकाय समन्वय समितिलाई तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

## १५.५ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समिति

लैङ्गिक तथा समावेशी नीतिको प्रभावकारी कार्यान्वन गर्न गराउन आयोगमा देहाय बमोजिम लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समिति गठन गरिनेछ : -

| | | |
|---|---|---|
| (१) | सहसचिव,(सम्बन्धित महाशाखा हेर्ने) निर्वाचन आयोग | संयोजक |
| (२) | उपसचिव( शाखा प्रमुख) सबै, निर्वाचन आयोग | सदस्य |
| (३) | लैससास सम्पर्क व्यक्ति, निर्वाचन आयोग | सदस्य सचिव |

१५.६ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(१) निर्वाचनमा लैङ्गिक समानता तथा समावेशीतासँग सम्बन्धित कार्य गर्ने ।

(२) लैङ्गिक समानता तथा समावेशिताको सुचक तयार, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन गर्ने ।

(३) निर्वाचन प्रकृयासँग सम्बन्धित कानूनहरू लैङ्गिक तथा समावेशी भए नभएको विश्लेषण गरी सुझावसहित प्रतिवेदन दिने ।

(४) निर्वाचन प्रकृयासँग सम्बन्धित योजना, बजेट, कार्यक्रम तथा संरचना लगायतका विषयहरु लैङ्गिक तथा समावेशी दृष्टिकोणले विश्लेषण गरी तर्जुमा गर्ने ।

(५) आयोग, लैङ्गिक तथा समावेशी नीति निर्देशक समिति तथा सचिवालयको निर्देशन अनुसार नीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

(६) निर्वाचन प्रकृयामा लैङ्गिक तथा समावेशीतासँग सम्बन्धित गुनासाहरूको सुनुवाइ गर्ने ।

(७) निर्वाचन प्रकृयामा हुने बजेट तथा कार्यक्रमको लैङ्गिक उत्तरदायी दृष्टिकोणबाट विश्लेषण गरी प्रतिवेदन पेश गर्ने ।

(८) निर्वाचन प्रकृयामा हुने लैङ्गिक हिंसा विरूद्ध आचारसंहिता तयार गरी स्वीकृतिका लागि पेश गर्ने तथा स्वीकृत आचार संहिता कार्यान्वयन गर्ने, गराउने ।

(९) निर्वाचन व्यवस्थापनको क्षेत्रमा लैङ्गिक समानता तथा समावेशी नीति कार्यान्वयनको निम्ति संचालित कार्यक्रमको समीक्षा, अनुगमन, मुल्यांकन तथा परीक्षणको व्यवस्था गर्ने गराउने ।

(१०) आयोगको सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिक तथा समावेशी मैत्री बनाई उपयोगमा ल्याउने ।

(११) लैङ्गिक समानता  तथा सामाजिक समावेशी नीति कार्यान्वयन एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने जनशक्तिको सिप र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण तथा क्षमता विकासका पाठ्यक्रम, स्रोत सामग्रीको तयार एवम् कार्यक्रम सञ्चालन गरी जनशक्ति एवं नेतृत्व विकास गर्ने ।

(१२) लैङ्गिक तथा समावेशी नीति अनुरुप गठन हुने प्रदेश तथा जिल्ला स्तरीय समितिहरुको काममा आवश्यक सहजीकरण, समन्वय र निर्देशन दिने ।

(१३) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशन समितिको काममा आवश्यक सहयोग गर्ने ।

(१४) सञ्चारकर्मी लगायत  आमसञ्चारका क्षेत्रमा कार्यरत जनशक्तिलाई निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धमा क्षमता अभिवृद्धि गरी महिला तथा समावेशी समुहको सहभागीताका लागि  सुचना संम्प्रेशित गर्ने ।

(१५) निर्वाचनमा  लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी आम सञ्चार माध्यम लगाएत सामाजिक सञ्जालमा प्रकाशीत सूचना, सन्देशको समीक्षा अनुगमन गरी आवश्यक सुधारका लागि सुझाव सहित प्रतिवेदन दिने ।

(१६) निर्वाचन व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने केन्द्र स्तरका संघ, संस्था, निकाय एवं राजनीतिक दलहरु वीच समन्वय र अन्तर सम्बन्ध कायम गरी लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि प्रोत्साहित गर्ने ।

(१७) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समितिलाई तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

## १५.७ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन प्रादेशिक समिति

प्रदेश स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई कार्यान्वयन गर्न तथा यस नीतिले निर्दिष्ट गरेका विषयहरुलाई प्रदेश स्तरका सरोकारवाला निकायहरुसँग समन्वय, साझेदारी र अन्तर सम्बन्ध कायम गरी कार्यान्वयन गर्न गराउन देहाय बमोजिम लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन प्रादेशिक समिति गठन गरिने छ :

| | | |
|---|---|---|
| (१) | कार्यालय प्रमुख, प्रदेश निर्वाचन कार्यालय | संयोजक |
| (२) | प्रतिनिधि(अधिकृत स्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (३) | प्रतिनिधि(अधिकृत स्तर), आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (४) | प्रतिनिधि(अधिकृत स्तर), सामाजिक विकास मन्त्रालय | सदस्य |
| (५) | प्रतिनिधि(अधिकृत स्तर), प्रदेश राजधानी रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (६) | प्रतिनिधि(अधिकृत स्तर), प्रदेश राजधानी रहेको जि.स.स को | सदस्य |
| (७) | प्रतिनिधि(अधिकृत स्तर), प्रदेश राजधानी रहेको स्थानीय तहको | सदस्य |
| (७) | शाखा अधिकृत, प्रदेश निर्वाचन कार्यालय | सदस्य सचिव |

१५.८ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन प्रादेशिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) प्रदेशभित्रको निर्वाचनमा लैङ्गिक समानता तथा समावेशीतासँग सम्बन्धित कार्य गर्ने ।

(२) लैङ्गिक तथा समावेशी तथ्याङ्क सङ्कलन गरी आयोगमा पठाउने ।

(३) आयोग, लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशन एवं कार्यान्वयन समिति तथा सचिवालयको निर्देशन अनुसार प्रदेश स्तरमा नीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

(४) निर्वाचन प्रकृयामा लैङ्गिक समानता तथा समावेशीतासँग सम्बन्धित गुनासाहरू संकलन गरी आयोगमा पठाउने ।

(५) निर्वाचन प्रकृयामा हुने लैङ्गिक हिंसा विरूद्ध प्रदेश स्तरीय आचारसंहिता तयार गरी स्वीकृतिका लागि आयोगमा पठाउने र स्वीकृत भएको आचार संहिता कार्यान्वयन गर्ने, गराउने ।

(६) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि प्रदेश स्तरमा अन्तर मन्त्रालय, अन्तर निकाय तथा प्रदेश र स्थानीय तह बीच समन्वय र सामान्जस्य कायम गर्ने ।

(७) निर्वाचन व्यवस्थापनको क्षेत्रमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको निम्ती संचालित कार्यक्रमको समीक्षा, अनुगमन, मूल्यांकन तथा परीक्षणको व्यवस्था गर्ने गराउने ।

(८) प्रदेश निर्वाचन कार्यालयको सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिक तथा समावेशीमैत्री बनाई उपयोगमा ल्याउने ।

(९) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने जनशक्तिको सिप र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण तथा क्षमता विकासका पाठ्यक्रम, श्रोत सामग्रीको तयार एवम् कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउने ।

(१०) लैङ्गिक तथा समावेशी नीति अनुरुप गठन हुने जिल्ला स्तरीय समितिहरुको काममा आवश्यक सहजीकरण, समन्वय र निर्देशन दिने ।

(११) लैङ्गिक तथा समावेशी नीतिको प्रदेश स्तरमा मूलप्रवाहीकरण गर्न प्रदेश तहका क्षेत्रगत नीति बीच समन्वय गर्न, नीति योजना र कार्यक्रम तथा संस्थागत व्यवस्थालाई लैङ्गिक तथा समावेशी संवदेनशील तथा उत्तरदायी बनाउन प्रदेश सरकारलाई परामर्श दिने र आवश्यक सुधार गर्ने विषयमा सिफारिश गर्ने ।

(१२) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन सम्बन्धी जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न गराउन प्रदेश स्तरमा अन्तर मन्त्रालय एवम् अन्तर निकाय तथा प्रदेश र स्थानीय तह बीच समन्वय र सामान्जस्यता कायम गर्न आवश्यक सहजीकरण गर्ने ।

(१३) निर्वाचन व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने प्रदेश स्तरका संघ, संस्था, निकाय एवं राजनीतिक दलहरु बीच समन्वय र अन्तर सम्बन्ध कायम गरी लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि प्रोत्साहित गर्ने ।

(१४) लैङ्गिक समानता तथा  समावेशीकरणको क्षेत्रमा प्रदेश स्तरमा कार्यरत सरकारी एवं गैर सरकारी संस्था वीच कार्यगत संजाल निर्माण गरी परिचालन गर्ने गराउने ।

(१५) लैङ्गिक समानता तथा  समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्यांक र विवरण देखिने गरी सूचना प्रणाली सुदृढ गरी परिचालन गर्ने ।

(१६) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशन एवं कार्यान्वयन समितिको काममा आवश्यक सहयोग गर्ने ।

(१७) लैङ्गिक तथा समावेशी नीति कार्यान्वय प्रादेशिक समितिलाई तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

(१८) लैङ्गिक तथा समावेशी नीति, २०७७ बमोजिम गठन हुने लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन जिल्ला समितिले गर्नुपर्ने कार्यहरु गर्ने गराउने ।

१५.९ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन जिल्ला समिति

जिल्ला स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई कार्यान्वयन गर्न तथा नीतिले निर्दिष्ट गरेका विषयहरुलाई जिल्ला स्तरका सरोकारवाला निकायहरुसँग समन्वय, साझेदारी र अन्तर सम्बन्ध कायम गरी कार्यान्वयन गर्न गराउन देहाय बमोजिम लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन जिल्ला समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| (१) | जिल्ला निर्वाचन अधिकारी, जिल्ला निर्वाचन कार्यालय | संयोजक |
| (२) | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (३) | प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| (४) | प्रतिनिधि, सामाजिक विकास हेर्ने प्रदेश कार्यालय | सदस्य |
| (५) | जिल्ला निर्वाचन कार्यालय रहेको स्थानीय तहको अधिकृत | सदस्य |
| (६) | जि.नि.अ.ले तोकेको जिल्ला निर्वाचन कार्यालयको कर्मचारी | सदस्य सचिव |

१५.१० लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) जिल्ला भित्रको निर्वाचनमा लैङ्गिक समानता तथा समावेशीतासँग सम्बन्धित कार्य गर्ने ।

(२) लैङ्गिक  तथा समावेशी तथ्याङ्क सङ्कलन गरी प्रदेश कार्यालय तथा आयोगमा पठाउने ।

(३) आयोग, लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशन, कार्यान्वयन एवं प्रादेशिक समिति तथा सचिवालयको निर्देशन अनुसार जिल्ला स्तरमा नीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

(४) निर्वाचन प्रकृयामा लैङ्गिक समानता तथा  समावेशीतासँग सम्बन्धित गुनासाहरू संकलन गरी प्रदेश कार्यालय मार्फत् आयोगमा पठाउने ।

(५) निर्वाचन प्रकृयामा हुने लैङ्गिक हिंसा विरूद्ध जिल्ला स्तरीय आचार संहिता तयार गरी स्वीकृतिका लागि आयोगमा पठाउने र स्वीकृत भएको आचार संहिता कार्यान्वयन गर्ने, गराउने ।

(६) लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि जिल्ला स्तरमा अन्तर निकाय तथा जिल्ला र स्थानीय तह वीच समन्वय र सामान्जस्य कायम गर्ने ।

(७) निर्वाचन व्यवस्थापनको क्षेत्रमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको निम्ती संचालित कार्यक्रमको समीक्षा, अनुगमन, मुल्यांकन तथा परीक्षणको व्यवस्था गर्ने गराउने ।

(८) जिल्ला निर्वाचन कार्यालयको सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिक तथा समावेशी तथा अपाङ्गतामैत्री बनाई उपयोगमा ल्याउने ।

(९) लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयन एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने जनशक्तिको सिप र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण तथा क्षमता विकासका पाठ्यक्रम, श्रोत सामग्रीको तयार एवम् कार्यक्रम सञ्चालनमा तालुक समिति, सचिवालय तथा आयोगलाई सहयोग पुर्‍याउने ।

(१०) निर्वाचन व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने जिल्ला स्तरका संघ, संस्था, निकाय एवं राजनीतिक दलहरु वीच समन्वय र अन्तर सम्बन्ध कायम गरी लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनको लागि प्रोत्साहित गर्ने ।

(११) लैङ्गिक तथा समावेशी नीति कार्यान्वय जिल्ला समितिलाई तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

## १६. प्रमुख कार्यक्रम

लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् :–

### १६.१ नीतिगत सुधार कार्यक्रम

लैङ्गिक तथा समावेशी नीति अनुकुल हुनेगरी निर्वाचन सम्बन्धी नीति तर्जुमा, कानुन निर्माण तथा संशोधन, निर्देशिका तथा कार्यविधि एवं आचार संहिता तर्जुमा गरिनेछ । स्थानीय तह, निर्वाचन सरोकारवाला र नीजि क्षेत्रसंगको सहकार्यको नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।

### १६.२ संस्थागत सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम

स्थानीय तहसंग निर्वाचन सम्बन्धी साझेदारीको संस्थागत संयन्त्र निर्माण र सो मार्फत साझेदारी, समन्वय र सहकार्यमा कार्यक्रम संचालन, राजनीतिक दल, दलका लैङ्गिक तथा समावेशी क्षेत्रका भगिनी संगठन संगको संस्थागत संयन्त्र निर्माण तथा निर्वाचन कार्यक्रम संचालन, स्थानीय तहमा कार्यरत निर्वाचनमा खटिने सभाव्य जनशक्तिको क्षमता अभिबृद्धि कार्यक्रम, सबै तहमा निर्वाचित लैङ्गिक तथा समावेशी क्षेत्रबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम, निर्वाचनका सबै चरणमा नागरिक समाज र गैर सरकारी संस्था परिचालन कार्यक्रम, निर्वाचनसंग सम्बन्धित सरोकारवालाको क्षमता बिकास कार्यक्रम, तीनै तहका सरकार, निर्वाचन सरोकारवाला, विकास साझेदार र नीजि क्षेत्रको समन्वय, सहकार्य र साझेदारीमा महिला, अपाङ्ग र जेष्ठ नागरिक मैत्री मतदान केन्द्र निर्माण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६.३ मूल प्रवाहीकरण कार्यक्रम

जनशक्ति छनौटका प्रतिष्पर्धात्मक परिक्षामा, महाविद्यालय र विद्यालयका पाठ्यक्रममा निर्वाचनका विषयबस्तु समावेश गर्ने, राजनीतिक दल, स्थानीय तह, गैर सरकारी सस्था, सामुदायिक संस्था, सहकारी, नीजि क्षेत्र एवम् नागरिक समाजद्वरा संचालन गरिने क्षमता बृद्दि र सचेतना सम्बन्धि कार्यक्रमहरुमा लैङ्गिक तथा समावेशी विषयबस्तुहरु समावेश गर्ने,राष्ट्र सेवक कर्मचारीहरुलाई तालिम प्रदान गर्ने सार्वजनिक तालिम प्रदायक संस्थाहरुले प्रदान गर्ने तालिममा नागरिक र निर्वाचन शिक्षाका विषयवस्तु समावेश गर्ने,आमसंचार जगतसंग निर्वाचन र आमसंचार एवं निर्वाचनमा आमसंचार सहकार्य कार्यक्रम संचालन गर्ने,निर्वाचनमा सामाजिक संजाल व्यवस्थापन, परिचालन तथा उपयोग कार्यक्रम संचालन,निर्वाचनमा खटिने सवै प्रकारका जनशक्ति विकासको लागि सबै स्थानीय तह सम्म निर्वाचन सहजकर्ता विकास र परिचालन कार्यक्रम, निर्वाचनका क्षेत्रमा कार्यरत युवा संस्थासंगको सहकार्यमा युवा परिचालन अभियान संचालन,लैङ्गिक तथा समावेशी विषयमा सरोकारवालासंगको समन्वय र सहकार्यमा नागरिक सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चार सामग्रीको तयारी र प्रभावकारी वितरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६.४ लक्षित कार्यक्रम

लक्षित बर्गका लागि Out reach कार्यक्रम, लक्षित बर्ग र क्षेत्रका लागि नामावली संकलन, अद्यावधिक, नागरिक, निर्वाचन तथा मतदाता शिक्षा घुम्ति सेवा कार्यक्रम, मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यलाई स्थानीय तहसँग समन्वय गरी महिला, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र सिमान्तिकृत समुदाय समेतलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन, निर्वाचन सम्बन्धी विषयमा क्रियाशिल गैरसरकारी संस्था, समुदायमा आधारित संस्था, सहकारी, उपभोक्ता समिति, सामुदायिक सिकाई केन्द्र, टोल विकास संस्था, जस्ता संस्थाबाट लक्षित बर्गका लागि कार्यक्रम संचालन, निर्वाचनमा प्रयोग हुने सवै फारामहरुको परिमार्जन गरी लैङ्गिक तथा समावेशी रुपमा खण्डिकृत तथ्यांक संकलन गर्ने तथा निर्वाचित जनप्रतिनिधिहरूको एकीकृत अभिलेख तयार गरी अद्यावधिक गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयनको लागि निर्दिष्ट गरिएका प्रमुख कार्यक्रमहरुको परिधिभित्र रही सचिवालयले वार्षिक तथा आवधिक नीति कार्यान्वयन योजना तर्जुमा गर्नेछ ।

**१७. वित्तीय व्यवस्था :**

यस नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई आवश्यक श्रोत साधनको व्यवस्थापन गरिनेछ । यसका लागि आयोगले नेपाल सरकार लगायत स्वदेशी तथा विदेशी संघ संस्थाहरुको श्रोत साधनको परिचालन गर्नेछ । नीति कार्यान्वयनको वित्तीय प्रबन्धका लागि प्रदेश सरकार, स्थानीय तह, नीजि क्षेत्र, नागरिक समाज तथा निर्वाचन सरोकारवालाहरुसँग साझेदारी र सहकार्य गर्न सकिनेछ ।

## १८. कार्यान्वयन कार्ययोजना :

नयाँ कानून तर्जुमा गर्दा यस नीतिको उद्देश्य अनुसारका व्यवस्था समावेश गर्दै लगिनेछ । आयोगले आवश्यकता अनुसार यस नीतिलाई संशोधन, परिमार्जन र सुधार गर्न सक्नेछ । नीति कार्यान्वयनको कार्ययोजना आयोग, अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरू, निर्वाचन सम्वद्ध सबै पक्ष लगायतसँगको समन्वय र सामञ्जस्यमा तर्जुमा गरिनेछ । नेपाल सरकारका अन्य निकायहरूसँग समेत समन्वय गरी ती निकायका नीति तथा कार्यक्रम तर्जुमा गर्दा यस नीतिसँग सामञ्जस्य हुने गरी नीति तथा कार्यक्रमलाई अद्यावधिक बनाउन पहल गरिनेछ ।

## १९. जोखिम :

नीति कार्यान्वयनमाका सन्दर्भमा लैङ्गिक तथा समावेश नीति अनुकूल हुने गरी कानूनी सुधार, निर्वाचन प्रकृयामा राजनीतिक दलहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धात्मक व्यवहार, नीति कार्यान्वयनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापन लगायतका पक्षहरु जोखिमको रुपमा पहिचान गरिएको छन् ।

## २०. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था :

२०.१ आयोगको सचिवालय र मातहतका कार्यालयहरूले सम्पादन गर्ने हरेक क्रियाकलापहरू लैङ्गिक तथा समावेशी दृष्टिकोणले गरिएका छन वा छैनन् भन्ने कुराको निरन्तर अनुगमन र मूल्याङ्कन आयोगले नियमित संयन्त्र मार्फत् गर्ने छ ।

२०.२ नीतिको प्रभावकारी कार्यानवयनका लागि आवश्यकता अनुसार विज्ञहरुको समूह बनाई परिचालन गर्न सकिने छ ।

२०.३ आयोगको सचिवालयका सबै शाखाले लैङ्गिक समानता तथा सामाजिक समावेशी दृष्टिकोणले तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयन समितिलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ । प्रदेश निर्वाचन कार्यालयले सम्बन्धित जिल्ला तथा प्रदेशभित्र भएका गतिविधिहरुको र जिल्ला निर्वाचन कार्यालयले जिल्लाभित्र भएका क्रियाकलापहरुको विवरण आयोगको सचिवालयमा उपलब्ध गराउने छन् ।

२०.४ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समितिले चौमासिक रुपमा प्राप्त सबै तथ्याङ्कलाई एकीकृत गरी विश्लेषण गरेर तयार गरेको आवधिक प्रतिवेदन छलफलका लागि लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन निर्देशक समिति मार्फत आयोगमा पेश गर्नेछ ।

२०.५ लैङ्गिक तथा समावेशी नीति कार्यान्वयन समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वार्षिक प्रतिवेदन तयार गरी लैङ्गिक तथा समावेशी नीति समन्वय समिति समक्ष पेश गर्नेछ ।

२०.६ लैङ्गिक तथा समावेशी नीति समन्वय समितिले सुझाव सहित पेश गरेको वार्षिक प्रतिवेदन आयोगको निर्णय अनुसार सार्वजनिक गर्ने तथा आयोगको वार्षिक प्रतिवेदन समावेश गर्ने व्यवस्था मिलाइने छ ।

## २१. नीति पुनरावलोकन र परिमार्जन :

लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति गतिशील दस्तावेजको रुपमा रहने छ । सामान्यतः कार्यान्वयनको पाँच वर्षको अवधि पछि उपलब्ध पृष्ठपोषण समेतको आधारमा आयोगले पुनरावलोकन गरी परिमार्जन गर्न सक्नेछ । नीति कार्यान्वयनका क्रममा कुनै बाधा, अवरोध, समस्या वा अस्पष्टता भएमा आयोगले बाधा अड्काउ फुकाउनेछ । आयोगले यस नीतिको कार्यान्वयनमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

## २२. खारेजी र बचाउ :

(१) लैङ्गिक तथा समावेशीकरण नीति, २०७० खारेज गरिएको छ ।

(२) लैङ्गिक तथा समावेशी नीति, २०७० बमोजिम गरेका काम कारवाही यसै नीति बमोजिम भए गरेको मानिनेछ ।